नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ती

आज मिति २०७५ चैत्र ८ गते सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा उद्योग-वाणिज्य प्रवर्द्धन सम्वाद परिषद्को दोस्रो बैठक सम्पन्न भयो । बैठकमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट यही चैत्र १५ र १६ गते सम्पन्न हुन गइरहेको लगानी सम्मेलनलाई पूर्ण रुपमा सफल बनाउन सबै तह र क्षेत्रबाट पूर्ण सहयोग गर्न आह्वान गर्नुभयो । साथै लगानी सम्मेलनमा प्रस्तुत गरिने विषयहरुलाई प्रभावकारी रुपमा अन्तर्राष्ट्रिय लगानीकर्ताहरूको माझमा प्रस्तुत गर्न र नेपाललाई आकर्षक लगानी गर्ने मूलुकको रुपमा स्थापित गर्न सरकारका तर्फबाट भएका प्रयासहरूको बारेमा लगानीकर्ताहरूलाई जानकारी गराउन समेत आह्वान गर्नुभयो ।

उक्त अवसरमा माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाले लगानी सम्मेलनको हालसम्मको तयारी लगायत मूलुकमा लगानीयोग्य वातावरण निर्माण गर्न सरकारका तर्फबाट गरिएका प्रयासहरू, लगानीमैत्री कानूनहरूको तर्जुमाको स्थिति लगायत अन्य समसामयिक विषयमा बैठकलाई जानकारी गराउनुभयो ।

बैठकमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाल, माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल , नेपाल उद्योग परिसंघका अध्यक्ष, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष लगायत उद्योग वाणिज्य क्षेत्रका सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी मनोनित परिषद्का सदस्यहरूको उपस्थिति रहेको थियो ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री शिशिर कुमार ढुङ्गानाले परिषद्को प्रमुख गतिविधिका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो भने व्यवसायी सुरज वैद्यले समूह र समूहहरूमा रहने व्यक्तित्वहरूको नाम प्रस्ताव गर्नुभएको थियो ।

०७५।१२।०८

मिति २०७५।१२।८

बिनोद बहादुर कुँवर
सहसचिव एवं प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np